## राज्य व्यवस्था विभागको विज्ञप्ति

पाल्पा गौंडा मातहत ८ जिल्लाको निमित्त बाग्लुङ छोटी खडा भएकोमा पर्वत गलकोट २ जिल्लालाई मात्र पाहिक पर्ने हुनाले गुल्मी. धुर्कोट, मुसिकोट, ख्याचा, इस्मा समेत ६ जिल्लाको बीचमा नयाँ गौडा खडा गरी पाऊँ भन्ने प्रतिनिधि दयानिधि शर्मासमेतहरूको मागबमोजिम प्रतिनिधि र बडा हाकिमको भनाई अनुसार गुल्मी तंघासमा अड्डा कायम गर्ने गरी गुल्मी छोटी गौडा खडा भएको छ।

सो छोटी गौडाको बडा हाकिम गुल्मी भार्सेनिवासी क. प. गिरिप्रसाद बुढा थोकी मगर नियुक्ति हुनु भएको छ।

अच्युतराज,
सेक्रेटरी राज्य व्यवस्था विभाग.

गोरखापत्र छापाखानाबाट प्रकाशित

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।